नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय,
धुन्चे, रसुवा
बागमती प्रदेश, नेपाल

फोन नं. ०१०-५४०१३१
हटलाईन: ०१०-५४००१९ (२४सैं घण्टा)
ईमेल: rasuwadao@gmail.com
वेवसाईट: daorasuwa.moha.gov.np
Google+code: 476k+j6
Google Plus Code 476W+J6F

पत्र संख्या :- ०८२/८३
चलानी नं. :- ६१६

## प्रेस-नोट

नौकुण्ड गाउँपालिका, रसुवासँगको समन्वय एवम् सहजीकरणमा जिल्लास्तरीय संयुक्त बजार अनुगमन समितिका संयोजक एवम् सहायक प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा नौकुण्ड गाउँपालिका, रसुवाका उपाध्यक्ष, कोष तथा लेखा नियन्त्रक कार्यालय रसुवा, उद्योग तथा वाणिज्य कार्यालय रसुवा, स्थानीय प्रशासनका प्रतिनिधि र स्थानीय सञ्चारकर्मी लगायतको संयुक्त टोलीबाट मिति २०८२।०८।०४ गते सम्पन्न नौकुण्ड गाउँपालिका वडा नं. २ को लारच्याङ, यार्सा, युब्रा र वडा नं. ३ को पारच्याङस्थित दैनिक उपभोग्य तथा खुद्रा किराना व्यावसाय लक्षित बजार अनुगमनको संक्षिप्त व्यहोराः-

जिल्ला प्रशासन कार्यालय, रसुवाको नेतृत्वमा नौकुण्ड गाउँपालिका वडा नं. २ को लारच्याङ, यार्सा, युब्रामा १० वटा दैनिक उपभोग्य तथा खुद्रा किराना व्यावसायहरूको अनुगमन गर्दा व्यावसायीहरूमा उपभोक्ता हित एवम् अधिकार सम्बन्धी न्यून चेतना र व्यावसायीक ज्ञानको कमी पाईएकाले प्रथम पटकलाई प्रचलित कानून एवम् स्वीकृत मापदण्ड बमोजिम व्यवसाय सञ्चालन गर्न निर्देशन दिइएको। नौकुण्ड गाउँपालिका वडा नं. ३ पारच्याङस्थित ५ वटा दैनिक उपभोग्य तथा खुद्रा किराना पसलहरूको अनुगमन गर्दा निम्न व्यावसायीहरूले प्रचलित कानून तथा स्वीकृत मापदण्डको पूर्ण परिपालना गरेको नपाइएकाले सामान्य सचेतना स्वरुप उपभोक्ता संरक्षण ऐन, २०७५ बमोजिम जरिवाना गरिएको। अनुगमनको क्रममा फेला परेका म्याद गुज्रिएका करिब ३०,०००।- (अक्षेरुपी तीस हजार) मूल्य बराबरका दैनिक उपभोग्य वस्तु तथा खाद्यान्न जफत गरी अनुगमन टोलीको रोहवरमा रीतपूर्वक नष्ट गरिएको व्यहोरा अनुरोध छ।

<u>जरिवाना भएको व्यावसायहरूको विवरण:</u>

| क्र.सं. | पसल/व्यावसाय | स्थायी लेखा नं. | प्रोप्राईटर | कैफियत |
|---|---|---|---|---|
| १. | काजी किराना पसल एण्ड टासिलिङ होटेल एण्ड लज, पारच्याङ | ६१५८९१३६७ | ल्हाकी तामाङनी | उपभोक्ता संरक्षण ऐन, २०७५ बमोजिम जनही रू.५,०००।- (अक्षेरुपी पाँच हजार।-) जरिवाना। |
| २. | जेन्ट्रा कलेक्सन, पारच्याङ | ६०४०६९६७४ | बुद्धिमान लामा | |
| ३. | घले किराना पसल, पारच्याङ | ६१७८८९८१४ | एलिसा घिसिङ | |
| ४. | गोसाईकुण्ड किराना पसल र मासु पसल, पारच्याङ | ६२२१६४५८२ | गोरी माया तामाङ | |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय,
धुन्चे, रसुवा

फोन नं. ०१०-५४०१३१
हटलाईन: ०१०-५४००१९(२४सैं घण्टा)
ईमेल: rasuwadao@gmail.com
वेवसाईट: daorasuwa.moha.gov.np
Google+code: 476k+j6
Google Plus Code 476W+J6F
बागमती प्रदेश, नेपाल

पत्र संख्या :- ०८२/८३
चलानी नं. :- ६१६ .

## नष्ट गरिएका सामग्रीहरूको विवरण

| क.सं. | पसल/व्यावसाय | जफत गरिएको सामानको विवरण | कैफियत |
|---|---|---|---|
| १. | थोक्रा किराना पसल, लारच्याङ | चियापति- १९ प्याकेट, फ्यान्टा-८ वटा, स्प्राईट-४ वटा, कोकाकोला-३ वटा, ग्लुकोज-२ प्याकेट। | म्याद गुज्रिएका खाद्यान्न सामग्रीहरू जफत गरी नष्ट गरिएको। |
| २. | पिर्च घले किराना तथा खुद्रा पसल, यार्सा | कोकाकोला-८ वटा, स्प्राईट-४ वटा। | |
| ३. | च्युङना तामाङ, यार्सा | सोयाविन-७ प्याकेट, खोर्सानीको धुलो-४ प्याकेट। | |
| ४. | गणेशभुमे किराना पसल, यार्सा | भुजा-२१ प्याकेट, गाभा जुस-२४ प्याकेट, मिट मसला-२ प्याकेट, मिक्स मसला-४ प्याकेट, बेसार-१ प्याकेट। | |
| ५. | गोरे किराना पसल तथा फर्निचर उद्योग, युब्रा | बिस्कुट-२७ प्याकेट, खानेतेल-१५ पोका, स्प्राईट-२४ वटा। | |
| ६. | बिन्दास खुद्रा किराना पसल, युब्रा | युनिक दालमोट-४२ प्याकेट, बदाम-४७ प्याकेट, मिट मसला -४ प्याकेट, मुगीदाल- ७० प्याकेट, डाईजेष्टिभ विस्कुट-२ प्याकेट, बियर-९ बोत्तल, दालमोट-३ प्याकेट, स्प्राईट-१ वटा। | |
| ७. | नौकुण्ड होटल एण्ड लज, पारच्याङ | मेरी बिस्कुट-२ प्याकेट। | |
| ८. | गोसाईकुण्ड किराना र मासु पसल, पारच्याङ | कुरुम कुरुम- ८५ प्याकेट। | |
| ९. | जेन्ट्रा कलेक्सन, पारच्याङ | टयाङगो जुस-९ वटा, फयान्टा-२ वटा, स्प्राईट-२ वटा। | |

मितिः २०८२।०८।०५ गते।

(द्रुव प्रसाद अधिकारी)
सहायक प्रमुख जिल्ला अधिकारी
एवम् सूचना अधिकारी